# जिल्ला विकास समिति
## गुल्मी

## आ.व. २०७२/०७३ को प्रथम चौमासिक अवधिको
# सार्वजनिक सुनुवाई प्रतिवेदन






तयार गर्ने

एकीकृत ग्रामीण विकास समाज

गुल्मी


Gulmi District
GULMI
N
W
E
S
Baglung
Pyuthan
Parbat
Argakhanchi
Syangja
Palpa
Legend
District Headquarter
District/VDC Boundary
Village Development Committe
Reshunga Municipality
Reshunga Forest
0 100 200 400
Kilometers
©DDC GULMI 2014

**१. पृष्ठभूमी :**

सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा वसेका स्थानीय निकायका पदाधिकारीहरु वीच सार्वजनिक चासोको विषयमा सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रियालाई सार्वजनिक सुनुवाई भनिन्छ । स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई  जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाइ आयोजना गरिन्छ ।

नेपाल सरकारको तर्फबाट विभिन्न समयमा सरकारी सेवा प्रवाह, विकास निर्माण र नागरिकका गुनासा सुनुवाई सम्बन्धमा विभिन्न ऐन कानुन नीति नियम निर्देशिकाहरु जारी गरिएको छ । सुशासन ऐन अनुसार हरेक कार्यालयले आफुले गरेका काम, सेवा प्रवाह लगायतका विषयमा नागरिकहरुका सुझाव, टिप्पणी सुन्ने, जवाफ दिने र आवश्यक सुधार गर्ने प्रयोजनका निम्ति प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सार्वजनिक सुनुवाई कार्यविधि २०६७ जारी गरी सार्वजनिक सुनुवाई के कसरी गर्ने र त्यसमा के कस्ता प्रक्रियाहरु पुरा गर्ने भन्ने कुरा स्पष्ट गरेको छ । सोही कार्यविधि बमोजिम हरेक स्थानीय निकायले सार्वजनिक सुनुवाई गर्नुपर्दछ । जिल्ला विकास समिति गुल्मी नेतृत्वदायी कार्यालय भएकोले विषयगत कार्यालयको पनि सहभागितामा आर्थिक वर्ष २०७२/०७३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ ।

**२. लक्ष्य र उद्देश्य**

- स्थानीय निकायबाट उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राहि नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्नु सार्वजनिक सुनसवाईको उद्देश्य हो ।
- दोहोरो सम्बादबाट जिम्मेवार अधिकारी र नागरिकवीचको दुरी कम गरी सेवा, वस्तु र सुविधा प्रदायक अधिकारी सहजकर्तामा रुपान्तरित भई सुशासनको प्रत्याभुति दिनु ।
- यस चौमासिक अवधिको आयव्यय विवरण सार्वजनिक गर्नु, सरकारी कार्यालयहरुको सेवा प्रवाहको स्थिती जानकारी गराउनु तथा नागरिकका सुझाव र गुनासाअनुरुप कार्यालयको काममा सुधार ल्याउनु ।

**३. सार्वजनिक सुनुवाईको सहजिकरण गर्ने संस्थाको नाम र ठेगाना :**

एकीकृत ग्रामिण विकास समाज, रेसुङ्गा नगरपालीका ९, गुल्मी

**४. सुनुवाई गरिएका विषयबस्तुहरु**

- जिल्ला विकास समिति गुल्मी लगायत विषयगत कार्यालयहरुको प्रथम चौमासिक अवधिको आयव्यय
- कार्यालयहरुले प्रवाह गरेको सेवाको अवस्था र गुनासो सुनुवाई
- कार्यालयहरुले चालु आवमा सञ्चालन गर्ने कार्यक्रम र त्यसको लागी पुरा गर्नु पर्ने प्रक्रियाबारे जानकारी

**५. सुनुवाईमा उपस्थित कार्यालयहरु**

क. जिल्ला विकास समिति गुल्मी
ख. जिल्ला प्रशासन कार्यालय गुल्मी
ग. जिल्ला प्राविधिक कार्यालय गुल्मी
घ.तमघास सिमलटारी प्युठान सडक आयोजना कार्यालय गुल्मी
ङ. जिल्ला वन कार्यालय गुल्मी
च. जिल्ला कृषि विकास कार्यालय गुल्मी
छ. जिल्ला पशु सेवा कार्यालय गुल्मी
ज. जिल्ला जनस्वास्थ्य कार्यालय गुल्मी

झ. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गुल्मी
ञ.जिल्ला शिक्षा कार्यालय गुल्मी
ट.घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय गुल्मी
ठ.कफि विकास कार्यालय गुल्मी
ड.सिंचाई डिभिजन कार्यालय गुल्मी
ढ.महिला तथा बालबालिकाको कार्यालय गुल्मी

**६. कार्यक्रमको संक्षिप्त विवरण**

सुनुवाई आयोजना गरेको मिति : २०७२ कात्तिक ३० गते
समय : दिउसो १ बजेदेखि साँझ ६ बजेसम्म
स्थान : तुराङ्ग १, मजुवा बजार
कार्यक्रम सन्चालन गरेको समय अवधि : ५ घण्टा
अध्यक्षता डिलाराम पन्थी, स्थानीय विकास अधिकारी
सहजकर्ता हिरा ए सी, कार्यक्रम संयोजक एकीकृत ग्रामीण विकास समाज गुल्मी
उद्देश्य प्रस्तोता भक्तिराम मरासिनी, योजना अनुगमन तथा प्रशासकीय अधिकृत जिविस गुल्मी
आचार संहिता प्रस्तोता भगवती श्रीस। उत्तरदायित्व अनुगमन अधिकृत
CRC र Exit Poll को नतिजा प्रस्तोता ओम बहादुर कार्की, उत्तरदायित्व अनुगमन अधिकृत

**७. कार्यक्रमको उपस्थिती**

| क्र.स. | जातजाती | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | दलित | २ | ० | २ |
| २ | जनजाती | ६ | ४ | १० |
| ३. | अन्य | ६० | १० | ७० |
| जम्मा | | ६८ | १४ | ८२ |

**८. सुनुवाईमा उठेका मुख्य मुख्य प्रश्न, प्रश्नकर्ता जवाफदेहि व्यक्ति र जवाफको संक्षिप्त व्यहोरा**

| क्र. स. | गुनासो वा सुझाव दिनेको नामथर | प्रश्न वा सुझावको विवरण | जवाफदेहि पदाधिकारी र कार्यालय | जवाफको संक्षिप्त विवरण |
|---|---|---|---|---|
| १. | चेतन बस्नेत | (क) यातायात भाडामा मनोमानी भयो, प्रशासन खै ?<br>(ख)रिडि रुद्रवेणी वामी सडक निर्माणमा ढिलाई भयो कार्यालयले के हेरेको छ ?<br>(ग)विकासका योजनामा क्षेत्रीय सन्तुलन हुनुपर्ने ।<br>(घ) जिविसले खरिद गरेको पोल सामुदायिक विद्युत उपभोक्ता हरुलाई वितरण गर्नुपर्ने ।<br>(ङ) जिशिका र विद्युत कार्यालयबाट जिम्मेवार व्यक्ति किन उपस्थित भएनन् ?<br>(च)शिक्षा कार्यालयको सहयोगमा गत वर्ष बनेको ज्ञानोदय उमाविको भवन फर्छ्यौट गर्दा | क) रामचन्द्र पन्थी सहायक प्रमुख जिल्ला अधिकारी<br>ख)बाबुराम सापकोटा तमघास सिमलटारी सडक आयोजना कार्यालय प्रमुख<br>ग)डिलाराम पन्थी स्थानीय विकास अधिकारी<br>घ) डिलाराम पन्थी स्थानीय विकास अधिकारी<br>ङ) डिलाराम पन्थी स्थानीय विकास अधिकारी | क)नियन्त्रणको तत्काल पहल गर्ने ।<br>ख)निर्माण व्यवसायीलाई बोलाई काम अघि बढाउन निर्देशन दिने ।<br>ग)जिल्लाबाट विनियोजन गरिने योजनामा क्षेत्रीय सन्तुलन मिलाउने ।<br>घ) खरिद भएका मध्ये आधा सामुदायिकमा गएको बाँकी पनि न्यायोचित ढंगले वितरण गरिनेछ ।<br>ङ)सबै विषयगत |

| | | | | |
|---|---|---|---|---|
| | | २० प्रतिशत कमिशन बुझाउन बाध्य पारियो । | च) डिलाराम पन्थी स्थानीय विकास अधिकारी र रामचन्द्र पन्थी सहायक प्रमुख जिल्ला अधिकारी | कार्यालयबाट जिममेवार व्यक्ति उपस्थित गराईनेछ ।<br>च)यस सम्बन्धमा छानविन गरिने छ । |
| २. | नन्दराम अर्याल | (क) खानेपानी सिँचाईका योजना किताबमा छाप्ने बजेट नछुट्टाउने गरेर भ्रममा पारेको ।<br>(ख) मजुवा किसीकोट सडकमा धेरै मोटो गिटी बिछ्याइएको र अति आवश्यक ठाउँमा बाटो नबनाएको ।<br>(ग) महिला बालबालीका कार्यालयले के काम गर्दछ जानकारी चाहियो । | क)रामचन्द्र नेपाल ईन्जिनियर सिँचाई कार्यालय र कमल पन्त ईन्जिनियर खानेपानी कार्यालय<br>ख)विष्णु पाण्डे ईन्जिनियर सडक आयोजना कार्यालय<br>ग)गुणानिधि पाण्डे लेखापाल महिला तथा बालबालीका कार्यालय | क)योजना तर्जुमा र बजेट विनियोजनमा जिल्लाका कार्यालयको भूमिका छैन ।<br>ख)आगामी दिनमा सुधार गरिने छ ।<br>ग)कार्यक्रमबारे जानकारी गराईएको र आगामी दिनमा पनि गराउने छौं । |
| ३. | केशव सापकोटा | सिँचाई योजनाको लागी पटकपटक दुख पाइयो, योजना किन परेन ? | रामचन्द्र नेपाल ईन्जिनियर सिँचाई कार्यालय | योजना तर्जुमा र बजेट विनियोजनमा जिल्लाका कार्यालयको भूमिका छैन । |
| ४. | रमेश भण्डारी | (क)मजुवामा इलाका प्रहरी कार्यालय स्थापना र भवन निर्माणकालागी ५ रोपनी जग्गा दिइयो तर भवन किन परेन ?<br>(ख) योजना छुट्टाउँदा कति लाग्ने हो र त्यसको काम कहिले सकिने हो भन्ने कुरा यकिन गरेर मात्र योजना छुट्टाउनु पर्‍यो । | क)रामचन्द्र पन्थी सहायक प्रमुख जिल्ला अधिकारी<br>ख) डिलाराम पन्थी स्थानीय विकास अधिकारी | क) सम्बन्धित निकायमा लेखि पठाउने ।<br>ख)यसमा कमजोरी छ सुधार गर्दै जानेछौं । |
| ५. | टिकाराम अर्याल | (क)गौंडाकोट जुभुङ्ग शान्तिपुर सडकको काम सुस्त र गुणस्तरहिन भयो ।<br>(ख) पशु सेवा कार्यालयबाट बन्ने भवनमा उपभोक्ता समितिको भूमिका के हुन्छ ? | क)विष्णु पाण्डे ईन्जिनियर सडक आयोजना कार्यालय<br>ख) गौरीमान श्रेष्ठ प्रमुख जिपसेका | क)नियमित अनुगमन गरी छिटो काम गराइनेछ ।<br>ख)रेखदेख अनुगमनको काम उपभोक्ताले र निर्माण ठेकेदारमार्फत हुन्छ । |
| ६. | गिता भण्डारी | आलु भण्डारण र तरकारीमा लाग्ने महामारी रोगको उपचारमा कृषि कार्यालयले के सहयोग गर्दछ ? | चेतनारायण पाण्डे प्रमुख कृषि विकास कार्यालय | औषधि उपचार र ढुवानीमा सहयोग गर्न सकिन्छ । |
| ७. | कमला फुल्लेल | (क)मजुवा बजारको ढल फोहोर र मर्मत आवश्यक छ साथै सार्वजनिक शौचालय निर्माणमा | क) डिलाराम पन्थी स्थानीय विकास अधिकारी | क) दिगो सञ्चालन योजना भए शौचालय निर्माणमा सहयोग गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | सहयोग चाहियो ।<br>(ख)गाविसमा आउने बजेट र योजना छान्नेबारेमा जानकारी किन गराइदैन ? | ख) डिलाराम पन्थी स्थानीय विकास अधिकारी | सकिने ।<br>ख)आगामी दिनमा अझै ध्यान दिइनेछ । |
| ८. | मुमलाल श्रेष्ठ | कृषिबाट साना कृषकले के लाभ पाउँछन ? | चेतनारायण पाण्डे प्रमुख कृषि विकास कार्यालय | सबैखाले कृषकले सहयोग पाउँछन् । |
| ९. | भिष्म गौतम | योजनाको काम सुरु गर्दा लागत स्टिमेट र सम्पन्न हुने मितिको आधारमा बजेट विनियोजन गर्नुपर्ने । | डिलाराम पन्थी स्थानीय विकास अधिकारी | सम्भव योजनामा प्रारम्भ गरिनेछ । |
| १०. | कमला भट्टराई | तुराङ्ग ४ का ७५ दलित परिवारका लागी खानेपानीको समस्या छ, जिविसबाट सहयोग गर्नु पऱ्यो । | डिलाराम पन्थी स्थानीय विकास अधिकारी | प्रक्रिया पुऱ्याई माग आएमा सहयोग गर्न सकिन्छ । |
| ११. | प्रेम पराजुली | (क)हरेक निकायबाट सञ्चालन हुने योजना र बजेटको सार्वजनिक गर्नुपर्ने ।<br>(ख)भुसंरक्षण कार्यालयले खानेपानी र साना टुक्रे योजनामा मनोमानी रकम बाडेको तर वास्तविक भुसंरक्षणको काम नगरेको ।<br>(ग)मजुवाबाट उठाइने गिटि बालुवाको विवाद समाधान गर्न जिविसले अग्रसरता लिनुपर्ने ।<br>(घ)दलित तथा विपन्न वर्गले जिविसबाट निशुल्क विद्युतको मिटर बक्स पाउने भन्ने सुनिएको तर किन पाइयन ? | क) डिलाराम पन्थी स्थानीय विकास अधिकारी र रामचन्द्र पन्थी सहायक प्रमुख जिल्ला अधिकारी<br>ख) डिलाराम पन्थी स्थानीय विकास अधिकारी<br>ग) डिलाराम पन्थी स्थानीय विकास अधिकारी<br>घ) डिलाराम पन्थी स्थानीय विकास अधिकारी | क)यसको अभ्यास सुरु भएको छ अझै व्यवस्थित गरिने छ ।<br>ख)सहभागीता मुलक तरिकाबाट छनौट भएका योजनामा बजेट विनियोजन गर्न लगाइने छ ।<br>ग)स्थायी समाधान खोजिनेछ ।<br>घ)गत वर्ष वितरण नगरिएको यस वर्ष गरिने छ । |
| १२. | योगेन्द्र रायमाझी | (क)रिडि रुद्रवेणी वामी सडक मर्मतमा ध्यान दिन पऱ्यो ।<br>(ख)प्राविधिकहरुले कमिशन लिन रोक्नु पऱ्यो ।<br>(ग) घरेलुमा दर्ता भएका फर्महरु रिन्यू गर्नुपर्छ भन्ने सूचना नदिँदा दण्ड जरिवाना तिर्नु परेको ।<br>(घ) समुह वा सहकारीमा नभएका वास्तविक किसानले प्रोत्साहन नपाउने कागजी किसानले बजेट पाउने गर्दा निराशा बढेको ।<br>(ङ)वर्षको अन्तिममा बजेट विनियोजन हुँदा दुरुपयोग | क)विष्णु पाण्डे ईन्जिनियर सडक आयोजना कार्यालय<br>ख)रामचन्द्र पन्थी सहायक प्रमुख जिल्ला अधिकारी<br>ग)कृष्ण प्रसाद पोखेल वरिष्ठ उद्योग अधिकृत<br>घ)चेतनारायण पाण्डे प्रमुख कषि विकास कार्यालय<br>ङ) डिलाराम पन्थी स्थानीय विकास अधिकारी | क)पेट्रोलियम पदार्थको अभावले समस्या परेको, छिटै मर्मत गरिने छ ।<br>ख)प्रमाणसहित आएमा कारवाहि गरिने ।<br>ग)सूचना प्रशारण गरिने छ ।<br>घ)यसमा निगरानी गरिनेछ ।<br>ङ) जिल्ला तहबाट हुने योजना तर्जुमा र सम्झौता समयमै गरिनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | | बढेकोले बैशाखपछि कुनै पनि योजनामा बजेट विनियोजन र सम्झौता गर्न नहुने । | | |
| १३. | टेकराज अर्याल | मजुवामा इलाका प्रशासन कार्यालय हुनु पर्‍यो । | रामचन्द्र पन्थी सहायक प्रमुख जिल्ला अधिकारी | सरकारको नीतिमा भर पर्छ । |
| १४ | शिवलाल पोखेल | स्वास्थ्य चौकिमा आवश्यक जनशक्ति हुनुपर्‍यो र स्तरउन्नती गर्न पर्‍यो । | कृष्ण प्रसाद पन्थी जनस्वास्थ्य कार्यालय | जनशक्ति थप र स्तरोन्नती सरकारको नीतिमा भर पर्छ । |
| १५. | चक्र बहादुर बस्नेत | टिवीका विरामीलाई पोषण भत्ता किन दिइयन ? | कृष्ण प्रसाद पन्थी जनस्वास्थ्य कार्यालय | पोषण भत्ता दिइनेछ ढिला मात्रै भएको हो । |
| १६. | विजय बस्नेत | वडा नागरिक मञ्च, संघसंस्था र योजना तर्जुमा प्रक्रियामा अपाङ्गहरुको सहभागीता चाहियो र बजेट विनियोजन हुनु पर्‍यो । | डिलाराम पन्थी स्थानीय विकास अधिकारी | अर्थपूर्ण सहभागीतामा जोड दिइएको छ, सबैको ध्यान जानुपर्छ । |
| १७. | महेन्द्र गौतम | (क)बालश्रम शोषण अन्त्य हुनुपर्‍यो ।<br>(ख)योजनाको बाँडफाँड गर्दा क्षेत्रीय सन्तुलन मिलाउनु पर्‍यो ।<br>(ग)सडकको काममा ढिलाई र ठेकेदारको मनपरीको अन्त्य हुनुपर्‍यो ।<br>(घ) विद्युतमा अनियमित लोडसेडिङ्ग भएको तथा मर्मतमा कार्यालयले सहयोग नगरेको ।<br>(ङ) शिक्षा कार्यालयबाट गरिने भौतिक पूर्वाधारको योजनामा भ्रष्टाचार बढी भएको । | क) डिलाराम पन्थी स्थानीय विकास अधिकारी र गुणानिधि पाण्डे महिला तथा बालबालीका कार्यालय<br>ख) डिलाराम पन्थी स्थानीय विकास अधिकारी<br>ग) विष्णु पाण्डे ईन्जिनियर सडक आयोजना कार्यालय<br>घ) डिलाराम पन्थी स्थानीय विकास अधिकारी<br>ङ) डिलाराम पन्थी स्थानीय विकास अधिकारी | क)महिला विकास कार्यालयले यस सम्बन्धि कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>ख)क्षेत्रीय सन्तुलनमा ध्यान दिइनेछ ।<br>ग)अनुगमन नियमित गर्ने ।<br>घ) सम्बन्धित कार्यालयलाई सचेत गराउने ।<br>ङ)छानविन गरी कारवाहि र नियन्त्रण गर्ने । |
| १८. | शिव सुवेदी | हर्मिचौर गाविसमा बाखाको खोर निर्माणको पैसा दुरुपयोग भयो, कार्यालयबाट अनुगमन भएन । अन्य कार्यालयबाट पनि अनुगमन र सूचना प्रसारण कमजोर भयो । | गौरीमान श्रेष्ठ प्रमुख जिपसेका | हर्मिचौर गाविसमा कार्यालयको तर्फबाट पुन अनुगमन गरिने छ । कार्यक्रमबारे सूचना प्रसारण गरिने छ । |
| १९ | तिलाचन पाण्डे | महिला विकास कार्यालयको काम र प्रगतिबारे जानकारी दिनुपर्‍यो । | गुणानिधि पाण्डे महिला तथा बालबालीका कार्यालय | कार्यक्रमबारे रेडियोबाट प्रशारण गर्ने । |
| २० | शंकर न्यौपाने | (क)खानेपानी योजना पारिदिने भनेर जिविसका प्राविधिक माधव भण्डारीले रकम लिए तर योजना परेन छानविन गरी कारवाहि | क) डिलाराम पन्थी स्थानीय विकास अधिकारी<br>ख) डिलाराम पन्थी | क)छानविन गरिने छ ।<br>ख)साधन स्रोतको सीमितताले थोरै मात्र सहयोग गर्ने गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | हुनुपर्‍यो ।<br>(ख)समुदायस्तरबाट चलेका क्याम्पसलाई जिविसले सहयोग गर्नुपर्‍यो । | स्थानीय विकास अधिकारी | |

**९. सुनुवाईमा गरिएका प्रतिबद्धताहरु**

१ जिविस लगायतका कार्यालयहरुबाट योजना छनौट गर्दा क्षेत्रीय सन्तुलन कायम गर्न ध्यान दिईनेछ ।

२. योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको सहभागितामा जोड दिइनेछ ।

३. योजना तर्जुमा गर्दा लागत तथा डिजाईन स्टिमेट तयार गरी काम सम्पन्न हुन लाग्ने समय यकीन गरेर मात्र प्रक्रिया अगाडि बढाईनेछ ।

४. सञ्चालन र दिगो व्यवस्थापनको योजना सहित माग भएको अवस्थामा मजुवा बजारमा सार्वजनिक शौचालय निर्माणको लागी जिविसले सहयोग प्रदान गर्ने छ ।

५. कार्यालयहरुबाट प्रदान गरिने सेवा, योजना तथा अन्य सार्वाजनिक सरोकारका विषयमा सञ्चार माध्यमबाट सूचना प्रशारण गरिने छ ।

६. रिडी रुद्रवेणी वामी सडक निर्माण कार्यलाई छिटो अगाडि बढाउन सम्बन्धित सडक आयोजना कार्यालयले सक्रियता लिने छ ।

७. जिल्ला शिक्षा कार्यालयबाट गरिने भौतिक निर्माण कार्यमा लिईएको भनिएको अतिरिक्त रकमबारे छानबिन गरी नियन्त्रण गरिनेछ ।

८. हर्मिचौर गाविसमा बाख्रा पालनको लागी गत आवमा विनियोजित रकमको उचित सदुपयोग भए नभएको बारे जिल्ला पशु सेवा कार्यालयबाट पुन अनुगमन गरिनेछ र यस वर्ष सञ्चालन हुने कार्यक्रमहरुमा समेत अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

९. बालश्रम शोषण निरुत्साहित गर्न महिला तथा बालबालीका कार्यालयबाट कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१०. सार्वजनिक सुनुवाइमा विषयगत सबै कार्यालयहरुबाट प्रमुख वा जिम्मेवार प्रतिनिधि उपस्थित हुन सूचित गरिने छ ।

**१०.उपलब्धिहरु**

- १३ वटा कार्यालयको यस चौमासिक अवधिको आयव्यय विवरण सार्वजनिक गर्नु ।
- सरकारी कार्यालयहरुको उपलब्ध सेवा, वस्तु र सुविधा बारे सार्वजनिक जानकारी गराउनु ।
- विभिन्न विषयमा नागरिकका सुझाव र गुनासा उपर स्पष्टता ल्याउनु र कार्यालयको काममा सुधारको अवसर प्राप्त हुनु ।
- दोहोरो सम्बादबाट जिम्मेवार अधिकारी र नागरिकवीचको दुरी कम गर्न सहजता ।

**११.चुनौति तथा सुधारात्मक पक्षहरु**

- सार्वजनिक सुनुवाईमा सबै विषयगत कार्यालयको उपस्थिति हुनु पर्ने ।
- सहभागीहरुको बुझाई र चेतनास्तर फरक फरक हुँदा सुनुवाईलाई निर्दिष्ट दिशामा लैजान कठिनाइ ।
- सुनुवाईको प्रचारप्रसारमा अझै ध्यान दिनुपर्ने ।
- प्रमाण जुटाउन कठिन भए पनि सुनुवाइमा उठेका विषयमा कारवाही अगाडि बढाउनु पर्ने ।

## १२. निष्कर्ष

जिल्ला विकास समिति गुल्मीले सबैजसो विषयगत कार्यालयहरुको पनि सहभागितामा आर्थिक वर्ष २०७२/०७३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ। सरकारी कार्यालय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न, पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन यो सार्वजनिक सुनुवाइले सहयोग गरेको छ। जनसहभागितामा केही कमी, केही विषयगत कार्यालयको अनुपस्थिति र सामान्य व्यवस्थापकीय कमजोरी बाहेक सुनुवाई प्रभावकारी बनेको छ। सुनुवाईमा उठेका विषयमा छानविन र कारवाही गर्ने, सुझावहरु कार्यान्वयन र सुधार गर्नमा सम्बन्धित कार्यालयहरुले ध्यान दिने हो भने सुनुवाईको प्रभावकारिता बढ्नुका साथै सेवा प्रदायकप्रतिको जनताको अविश्वास पनि हट्नेछ। आगामी दिनमा अझ व्यवस्थित र धेरै सर्वसाधारणको उपस्थिति सहितको सुनुवाई नियमित रुपमा गर्नु आवश्यक छ।

धन्यवाद।

हिरा ए.सी.
कार्यक्रम संयोजक
एकीकृत ग्रामीण विकास समाज, गुल्मी

# सार्वजनिक सुनुवाईका केहि झलकहरु









